नागरिक
आर्थिक

बुधबार २३ माघ २०८१, Wednesday, 5 February 2025

बजार

सुन तोला - १६४,७००
चाँदी तोला - १९३०

विदेशी मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर -	१३९.०२	१३९.६२
युरो -	१४३.५२	१४४.१४
पाउन्ड स्टर्लिङ -	१७२.६०	१७३.३५

किन रोकियो ग्वार्को फ्लाइओभर निर्माण ?

क्युआरडिसीको बखेडा कि ठेकेदारको बहाना ?

पुष्प भट्ट

काठमाडौं, माघ २२



ग्वार्को फ्लाइओभरको निर्माण कार्य २०८० फागुनमा सकिनुपर्ने थियो तर अझै सकिएको छैन । एक महिनादेखि निर्माण कार्य ठप्प छ।

२०७८ फागुनमा निर्माण सुरु हुँदा ठेकेदार कम्पनी आशिष-समानान्तर-रेलिगेर जेभीले दुई वर्षमा निर्माण कार्य सक्ने गरी सम्झौता गरेको थियो। तर निर्धारित समयभित्र काम सकिएन। त्यसपछि थपेर गत पुस ९ गतेसम्मको म्याद दिइएको थियो । यसरी पटक-पटक म्याद थप्दा पनि काम सकिएको छैन तर निर्माण कम्पनीले काम तीव्र पार्नुको साटो निर्माणस्थलमा एक महिनादेखि कामदार नै देखिएका छैनन् ।

यसबीचमा ठेकेदार कम्पनीले काम अलपत्र पारेर भागेको समाचारसमेत बाहिरिएको छ। उता सडक विभागका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले भने ठेकेदार कम्पनी सम्पर्कमै रहेको दाबी गरे। 'ठेकेदार कम्पनी सम्पर्कमै हुनुहुन्छ। अलिकति डिजाइन रिलेटेड इस्यु पनि छ। केही काम करेक्सन गर्नुपर्ने पनि छ', विभागका प्रवक्तासमेत रहेका अर्यालले नागरिकसँग भने। निर्माण कम्पनीको डिजाइनसँग सम्बन्धित आन्तरिक छलफलपछि एक-दुई दिनमा काम सुरु हुने उनको भनाइ छ। '१५/२० दिनदेखि काममा प्रगति कम भएको सत्य हो। समस्या कसरी समाधान गर्ने भन्नेमा उहाँहरू लाग्नु भएको छ। हिजो पनि छलफलमा हुनुहुन्थ्यो। सायद मंगलबारसम्ममा सबै सकेर काम सुरु गर्ने तयारीमा हुनुहुन्छ', अर्यालले भने।

'अन्तिम समययमा आएर डिजाइनमा के समस्या देख्नुभयो?' भन्ने प्रश्नमा आर्यालले भने, 'जसरी घर बनाउने बेलामा पिल्लर बांगो हुनसक्छ, प्लास्टर बाक्लो हुनसक्छ, त्यस्तो बेला बनाउनुपर्ने हुन्छ। यो समस्या त्यस्तै सामान्य हो।' तोकिएको समयमा काम नसकिएपछि सडक विभागले पुस १० गतेबाट जरिवाना लगाएर काम सक्न निर्माण कम्पनीलाई ताकेता गरेको छ। जरिवानापछि निर्माण कम्पनीले काम अलपत्र छाडेको देखिएको छ। 'हामीले थप्न मिल्ने म्याद थपिसक्यौं। अहिले हर्जना लगाइरहेका छौं,' विभागका प्रवक्ता अर्यालले भने, 'हर्जना लगाएको समयभित्र काम सक्नुहुन्छ भन्ने अपेक्षा छ।'

आशिष-समानान्तर-रेलिगेर जेभीका सहायक इन्जिनियर कृष्णगोपाल श्रेष्ठ पछिल्लो एक महिना यता काम केही सुस्तभएको स्वीकार गर्छन् तर निर्माणस्थलबाट कामदार फिर्ता नगरेको दाबी उनले गरे। 'ठप्पै हुने गरी रोकिएको होइन,' उनले भने, 'सातदोबाटोतिर पुलनिर अलिकति समस्याआएको छ, त्यसलाई खोल्न क्युआरडिसी (सडक विभागको गुणस्तरीय खोज तथा विकास केन्द्र) बाटै दुई चार दिन पख्नुस्, त्यसलाई सेटल हुनदिनुस् भनेकाले रोकेका हौं।' कोटेश्वरतिरको काम पूरा सकिसकेको भन्दै त्यहाँ 'बेस' राखेर कालोपत्रको काम मात्र बाँकी रहेको इन्जिनियर श्रेष्ठले बताए।

त्यसो त निर्माण कम्पनीले काम रोकेको यो पहिलो पटक होइन। यसअघि पनि पटक-पटक मौसम वा विभिन्न प्राविधिक समस्याको बहाना देखाएर महिनौंसम्म काम ठप्प पार्दै आएको छ। जसका कारणले निर्माण कार्य निर्धारित समयमा नसकिएको जानकारहरूको आरोप छ।

यस्ता आरोपहरूलाई निर्माण कम्पनीले भने खण्डन गर्दै आएको छ। 'बाहिर अनुमानका भरमा लेखिएका विभिन्न समाचार आएका छन्। ठेकेदार नै भाग्यो भन्ने हल्ला पनि भएको छ', इन्जिनियर श्रेष्ठले भने, 'बरु उहाँहरूले (क्युआरडिसीले) हामीलाई लेखेको पत्रलाई चाहिँ दुःख भनेर लेखिदिए साँचो समाचार हुन्थ्यो कि ? उहाँको कामपत्र लेख्ने हाम्रो काम जवाफ दिने जस्तो भयो।' जबाफ दिनु नपर्ने खालका पत्रको कारण समस्या भइरहेको उनले बताए। अब भने सबै समस्या समाधान भइसकेको दाबी उनले गरे।

चक्रपथको कोटेश्वर-कलंकी सडक खण्डमा पर्ने ग्वार्को भएर दैनिक हजारौं यात्रु ओहोरदोहोर गर्छन्। लुभु क्षेत्रबाट पाटन र काठमाडौं आउने प्रवेशबिन्दु पनि ग्वार्को नै हो। यसैले यो क्षेत्र ओहोरदोहोर गर्दा ट्राफिक जाममा नपरेको दिन नै हुँदैन। साँझ-बिहान त यो सडक छिचोल्न हम्मेहम्मे नै पर्छ। ग्वार्कोमा फ्लाइओभरको निर्माण थालिएपछि उक्त स्थान झन् अस्तव्यस्त बनेको छ।

निर्धारित समय नाघेको एक वर्ष बढी बित्दा पनि निर्माणले गति लिन नसक्दा झन् चिन्ता बढाएको छ। अहिलेसम्म जम्मा ८५ प्रतिशत निर्माण सम्पन्न गरेको दाबी निर्माण कम्पनीको छ। निर्माणमा अझै कति समय लाग्छ ? भन्ने प्रश्नको उत्तर निर्माण कम्पनीलाई नै थाहा छैन। 'वैशाख मसान्तसम्म लाग्ला कि! किनभने माघमा त हामीले काम नै गरेनौं, फागुन र चैत दुई महिना बिग्रेको ठाउँ मर्मत सम्भार मै जान्छ', ठेकेदार कम्पनी भन्छ, 'त्यतिबेलासम्म कोटेश्वर साइटतिर पिच गर्न ठिक्क परेर राख्छौं। सातदोबाटोतिर बिग्रेको पिल्लर भत्काएर बनाएपछि सँगै एकैचोटि पिच हुन्छ।' भत्काएर बनाउँदा दुई महिना, त्यसपछि अर्को एक महिना कालोपत्र, रंगरोगन र ट्राफिक लाइट टेस्टिङ गर्दा कम्तीमा तीन महिना लाग्ने इन्जिनियर श्रेष्ठ बताउँछन्।

यो पनि अनुमान मात्रै हो। नियमित काम भएन वा अवरोध आयो भने अर्को एक वर्षसम्म धकेलिन सक्ने उनको आशय छ। 'यो आर्थिक वर्षमा काम सकेनौं भने त फेरि असोज कात्तिकमै पुग्छ। किनभने बाटोको केसमा पानी पर्ने मौसममा खुला आकाशमा काम गर्न सकिँदैन,' इन्जिनियर श्रेष्ठले भने।

निर्माण कम्पनीका इन्जिनियर श्रेष्ठले पछिल्लो समय थपिएको म्यादमा पनि काम नसकिनुमा कम्पनीको दोष नरहेको बताउँछन्। उनले सडक विभागअन्तर्गत गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रमा प्रभातकुमार झा निर्देशक भएर आएपछि समस्या भएको बताए। 'क्युआरडिसीमा झा सर आउनुभयो। नत्र निर्माण सकिइसक्थ्यो,' इन्जिनियर श्रेष्ठले भने, 'उहाँले पत्र काटेर पहिला गरेका कामहरूमा पनि बखेडा झिक्नुभयो। उहाँभन्दा पहिलाका सरले गरेका काम पनि नपत्याउने फेरि परीक्षण गर, फेरि हेरौं भन्ने ! त्यस्तो गर्दागर्दै काम ढिलो भयो।'

निर्देशक झाको नियत के हो ? भन्ने थाहा नपाए पनि आफूहरूले दुःख पाएको उनले बताए। उनले भने, 'उहाँको दिमागभित्र छिर्न सकेनौं, मुख खोलेर त्यस्तो केही माग्नु भएको छैन। नभएको कुरा भन्नु हुँदैन।' दुःखको समाधानका उपायबारे कम्पनीले नसोधेको पनि उनले बताए। 'हामीले अफर पनि गरेनौं। अर्थात् प्रष्ट कुरा के हो भन्ने नै थाहा भएन,' इन्जिनियर श्रेष्ठले भने। फेरि दुःख दिए असारसम्ममा पनि काम हुन नसक्ने उनले बताए। उता क्युआरडिसीका निर्देशक झाले भने यो विषयमा बोल्न मानेनन्। आफू क्युआरडिसीबाट दुई दिनअघि मात्रै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सरुवा भएर आइसकेकाले त्यो विषयमा 'बोल्न नमिल्ने' बताए। 'म त्यहाँबाट सरुवा भएर आइसकें, त्यसैले बोल्न मिल्दैन,' उनले भने।

सडक विभागका प्रवक्ता अर्याल भने निर्माण कम्पनीका आरोपमा सत्यता नभएको बताउँछन्। 'गर्नुपर्ने काम त गर्नुपऱ्यो नि! बाहिर आएका सबै विषय सत्य होइनन् र सबै झुठा पनि होइनन्', उनले भने । १७ करोड ६ लाख ८८ हजार रूपैयाँमा ठेक्का लिएको निर्माण कम्पनीले ३० मिटर लम्बाइ स्पानको चार लेन प्रिकास्ट ब्रिडर पुलनिर्माण गर्ने योजना छ । यस्तै एमएसई वाल (मेकानिकल्ली स्टाब्लाइज्ड) भएको ५०० मिटर सडक कालोपत्रसहित अप्रोच सडक निर्माण गर्नुपर्ने सम्झौतामा उल्लेख छ। उक्त सडकमा कालोपत्र १२ सेमी अलकत्रा हुनुपर्ने, १५ सेमी डिबिएम, ३० सेमी बेस, ३० सेमी सबबेस हुनुपर्ने सम्झौता छ। साथै ट्राफिक लाइट जडान कार्य पनि कम्पनीले नै गर्नुपर्ने सम्झौता छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/१०/२३

यस बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुंदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र यस बैंकको प्रधान कार्यालय नारायणहिटी पथ काठमाडौंमा शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको सोह्र (१६) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग काठमाडौंमा दिनको १:०० बजे खोलिनेछ । बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सोको भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।

बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण :

१. रामेछाप जिल्ला, वेथान गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५क स्थित कि.नं. ७९४ को क्षे.फ. ०-४-२-० (रोपनी) र कि.नं. ८६८ को क्षे.फ. ०-५-२-० (रोपनी) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२. रुपन्देही जिल्ला, सौ. फर्सांटिकर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९क स्थित कि.नं. ४८५ को क्षे.फ. ०-१-० (बि.क.धु), ऐ. जिल्ला करहिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८घ स्थित कि.नं. २०४८ को क्षे.फ. ०-०-१५.७५ (बि.क.धु) र कपिलवस्तु जिल्ला मोतीपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/२ख स्थित कि.नं. १८७६ को क्षे.फ. ०-०-१६ (बि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
३. रुपन्देही जिल्ला, बुटवल गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९क स्थित कि.नं. १४३२९ को क्षे.फ. ०-०-५.५ (वि.क.धु), ऐ. जिल्ला गंगोलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ख। १३२ स्थित कि.नं. १८ को क्षे.फ. २२४.६५ (व.मी.) र कि.नं. ४८ को क्षे.फ. ४६१.०० (व.मी.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
४ मोरङ्ग जिल्ला राजघाट गा.वि.स./न.पा. वडा नं. ६ /६ न स्थित कि.नं. २३५ को क्षे.फ. ०-०-१० (बि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएको घर तथा सम्पूर्ण लिगलगापात समेत ।
५. नवलपरासी जिल्ला सुनवल गा.वि.स./न.पा. वडा नं. ३/३च स्थित कि.नं. २१७ को क्षे.फ. ०-१-०-० (बि.क.धु) र कि.नं. ६६२ को क्षे.फ. ०-२-९.९८-० (बि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएको घर तथा सम्पूर्ण लिगलगापात समेत ।
६. मोरङ्ग जिल्ला, बनिगामा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ ख स्थित कि.नं. २१८ को क्षे.फ. ०-१३-१५-० (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
७. मोरङ्ग जिल्ला, बनिगामा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट १/१ ग स्थित कि.नं. १३९ को क्षे.फ. ०-५-१०-० (वि.क.धु), ऐ. जिल्ला ऐ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ ख स्थित कि.नं. ३६४ को क्षे.फ. ०-१-१९-० (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
८. मोरङ्ग जिल्ला, झुर्किया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८क स्थित कि.नं. ९०१ को क्षे.फ. ०-०-१०-० (वि.क.धु), ऐ. जिल्ला ऐ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७क स्थित कि.नं. ८०३ को क्षे.फ. ०-०-१८-० (वि.क.धु) र ऐ. जिल्ला ऐ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ख स्थित कि.नं. ६३ को क्षे.फ. ०-२-५-० (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
९. काभ्रे जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/१५७१३२४१८ स्थित कि.नं. १६२ को क्षे.फ. ९३.५४ (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१०. मोरङ्ग जिल्ला, बनिगामा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ ख स्थित कि.नं. ५०९ को क्षे.फ. ०-६-०-० (वि.क.धु), ऐ. जिल्ला ऐ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ क स्थित कि.नं. ४२६ को क्षे.फ. ०-५-०-० (वि.क.धु), कि.नं. ४२७ को क्षे.फ. ०-५-१०-२ (वि.क.धु.क), कि.नं. ३६० को क्षे.फ. १-४-०-० (वि.क.धु), ऐ. जिल्ला हरैचो गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८ ख स्थित कि.नं. ८३८ को क्षे.फ. ०-१-०-० (वि.क.धु) र ऐ. जिल्ला मीर्गौलियो गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८ क स्थित कि.नं. ९३४ को क्षे.फ. ०-०-१७-२ (वि.क.धु.क) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
११. महोत्तरी जिल्ला, धर्मपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५क स्थित कि.नं. ७१ को क्षे.फ. ०-४-५-० (वि.क.धु), ऐ. जिल्ला ऐ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ४/४क स्थित कि.नं. ४७८ को क्षे.फ. ०-२-१२.५०-० (वि.क.धु), कि.नं. ७४९ को क्षे.फ. ०-०-१८.७५-० (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१२. रुपन्देही जिल्ला, पडसरी गा.वि.स./न.पा. वडा नं./नक्सा सिट १/१क स्थित कि.नं. ६३२ को क्षे.फ. ०-०-१९.२५ (वि.क.धु भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१३. रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ख स्थित कि.नं. १६५३ को क्षे.फ. ०-१-४-० (वि.क.धु) र कि.नं. १५६३ को क्षे.फ. ०-१-१८-० (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१४. रुपन्देही जिल्ला, आ.अमवा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/२क स्थित कि.नं. ८९९ को क्षे.फ. ०-४-१२.७५ (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१५. रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ४/४ग स्थित कि.नं. ५६२ को क्षे.फ. ०-०-१० (वि.क.धु), कि.नं. ६९६ को क्षे.फ. ०-०-१० (वि.क.धु) र कि.नं. ८४० को क्षे.फ. ०-०-७ (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१६. रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/१०४०२३७१३ स्थित कि.नं. ३९६ को क्षे.फ. ३६०.०४ (व.मी.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१७. रुपन्देही जिल्ला, मकहर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९क स्थित कि.नं. १६४९ को क्षे.फ. ०-४-१० (बि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१८. बाँके जिल्ला, बागेश्वरी गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/०३५१२०६ स्थित कि.नं. ८४९ को क्षे.फ. १५१.३७ (व.मि.) र कि.नं. ८६३ को क्षे.फ. १६९.३० (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
१९. चितवन जिल्ला, कल्याणपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७ग स्थित कि.नं. ६०७५ को क्षे.फ. १६१.२७ (व.मि.) र ऐ. जिल्ला पार्वतीपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५ स्थित कि.नं. १२८४ को क्षे.फ. ०-९-० (विगाहा) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२०. पाल्पा जिल्ला, रुप्से गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/०९९०७३० स्थित कि.नं. ९६४ को क्षे.फ. १०१.६८ (व.मि.) र कि.नं. ३७२ को क्षे.फ. १४२.४७ (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२१. नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७ ग स्थित कि.नं. २५६ को क्षे.फ. ०-०-१८ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२२. मोरङ्ग जिल्ला, बुधनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ०६/१७८०१०२५ स्थित कि.नं. ३९८ को क्षे.फ. १९५७.५० (व.मी.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२३. रुपन्देही जिल्ला, चिल्हीया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/६क स्थित कि.नं. ७०९ को क्षे.फ. ०-१-१३ (वि.क.धु)
र कि.नं. ३८४ को क्षे.फ. ०-१-१ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२४. महोत्तरी जिल्ला, हात्तिसर्वा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९क स्थित कि.नं. ९४१ को क्षे.फ. ०-८-१९.२५ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२५. धनुषा जिल्ला, कजरारमौल गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८क स्थित कि.नं. ९१५ को क्षे.फ. ०-२-६-४ (विगाहा) र कि.नं. ११८२ को क्षे.फ. ०-३-१०-८ (विगाहा) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२६. नुवाकोट जिल्ला, खड्ग भञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८ स्थित कि.नं. ६८ को क्षे.फ. ८-४-१-० (रोपनी) र ऐ. जिल्ला विदुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९ स्थित कि.नं. ६५८ को क्षे.फ. ०-२-२-० (रोपनी), कि.नं. १०४९ को क्षे.फ. ०-९-३-० (रोपनी), कि.नं. १२३५ को क्षे.फ. ०-०-३-० (रोपनी), कि.नं. १७३९ को क्षे.फ. ०-१३-०-० (रोपनी) र ऐ. जिल्ला विदुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ स्थित कि.नं. १३८५ को क्षे.फ. २-११-०-१.५० (रोपनी) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२७. रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/१०४०१९७१९ स्थित कि.नं. ७९ को क्षे.फ. १५५.२० (व.मी.) र ऐ. जिल्ला मधवलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७ख स्थित कि.नं. ७८ को क्षे.फ. ०-१-१० (विगाहा), कि.नं. ३८५ को क्षे.फ. ०-०-१५ (विगाहा), कि.नं. ७१९ को क्षे.फ. ०-०-१७.५ (विगाहा), कि.नं. ७०१ को क्षे.फ. ०-०-३ (विगाहा), कि.नं. ७१२ को क्षे.फ. ०-०-४.५ (विगाहा) र ऐ. जिल्ला मधवलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७क स्थित कि.नं. ११२ को क्षे.फ. ०-०-१८ (विगाहा) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२८. रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९ख स्थित कि.नं. ५३८ को क्षे.फ. ०-४-१० (वि.क.धु) र कि.नं. ५४३ को क्षे.फ. ०-२-६ (वि.क.धु), कि.नं. ७६ को क्षे.फ. ०-२-१५ (वि.क.धु) र ऐ. जिल्ला टकुलीगढ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७ख स्थित कि.नं. ५१८ को क्षे.फ. ०-१-० (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
२९. काठमाडौं जिल्ला, का.म.न.पा. (चावहिल) गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/१०२१०२८०८ स्थित कि.नं. ५८८ को क्षे.फ. ९५.४० (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
३०. बाँके जिल्ला, बनकटवा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/०३५०८४७ स्थित कि.नं. १६९६ को क्षे.फ. ६७३.०० (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।
३१. बाँके जिल्ला, कोहलपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/२ख स्थित कि.नं. ३५५० को क्षे.फ. ३३०.१३ (व.मी.) र ऐ. जिल्ला ऐ. गा.वि.स./न.पा. वडा नं./नक्सा सिट १/१ग स्थित कि.नं. ३७१ को क्षे.फ. १६९३.१५ (व.मी.), ऐ. जिल्ला रम्भेना गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/२ख स्थित कि.नं. १९६२ को क्षे.फ. ३४७.१० (व.मी.) र ऐ. जिल्ला रम्भेना गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ४/४ग स्थित कि.नं. १०५८ को क्षे.फ. ४५७.१४ (व.मी.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।

शिलबन्दी सम्बन्धि शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरुमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्था लाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पत्ति सकार गर्ने व्यक्ति/संस्था ले बाँकी रकम बैंकले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिन भित्र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. गैर बैंकिङ्ग सम्पत्तिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्तिहरु दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरुसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग काठमाडौं वा कुनैपनि शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

गोप्य शिलबन्दी खोल्ने मिति : २०८१/११/०९ गते, शुक्रबार ।
समय : दिउँसो १:०० बजे ।
स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग काठमाडौं ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कौटिल्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड
का.जि., का.म.न.पा., वडा नं.-७ चावहिल
फोन नं. ०१-४५६५०३३

धितोमा रहेको सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/१०/२३ गते बुधबार नागरिक राष्ट्रिय दैनिक

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले व्यापार कर्जा शिर्षक अन्तर्गत लिनु भएको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज, हर्जना रकम तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक-पटक मौखिक, लिखित तरताकेता गरिएको साथै तपसिलमा उल्लेखित विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा सूचनाहरु प्रकाशित गर्दा समेत नतिरी नबुझाई यस संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि पुनः यो ७ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ, संस्थाले यो सुचना प्रकाशित भएको ७ (सात) औं दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी बोलपत्रमा आफूले कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा बैंक भौचर समेत यस संस्थाको कार्यालय चावहिल, काठमाडौंमा आइपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यस संस्थाको चावहिल, काठमाडौं स्थीत कार्यालयमा ८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा दिनको १ बजे खोलिने छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल-अचल सम्पत्ति लिलाम बिक्रि हुन नसकेमा वा लिलाम बिक्रि हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ संस्थाको विनियम तथा प्रचलित कानुन बमोजिम